मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १९६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ २४ गते सोमवार (Monday, June 7. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कम्पाइन हार्वेस्टर प्रयोगले किसान हर्षित



कम्पाइन हार्वेस्टरले धान काटेर जम्मा भएपछि ट्याक्टरमा खन्याउँदै ।

**विष्णुप्रसाद पोखरेल**

**दमक, जेठ २३।** न धान काट्ने मान्छे खोज्नु पर्‍यो, न त बाँध्न नै। खेतमा धान सुकोस् भन्नु पनि परेन। त्यतिमात्र होइन धान झार्न र पराल दाइँ गर्न पनि मानिस लगाइहनु परेन।

खेतदेखि घरको भकारी तथा बिक्री गर्ने भएमा सिधै धान खरिदकर्तासम्म पुर्‍याउनका लागि मेसिनको नै प्रयोग हुन थालेपछि झापाका कतिपय किसानहरु मख्ख बनेका छन्।

गाउँमा नै कम्पाइन हार्वेस्टर (धान काट्ने ठूलो मेसिन) आएपछि किसानहरुलाई न खेतालाको चिन्ता भयो न त धेरै समय नै लाग्ने भयो। एकैक्षणमा एक बिगाहभन्दा बढी जमिनको धान काट्न र थन्क्याउन सकिने भएपछि किसानहरु यसतर्फ आकर्षित देखिएका छन्। गौरादह-१ सीतापुरीका किसान पर्शुराम दहालले योपटक करिब ४ बिगाहमा लगाएको बर्षेधान कम्पाइन हार्वेस्टरबाट नै कटाएका छन्।

यसको प्रयोगले उत्पादन लागत धेरै नै कम भएको उनले बताए। निषेधाज्ञाको यो समयमा मजदुर खोज्दा धेरै मुस्किल हुन्थ्यो, अहिले एकैछिनमा धान काटियो र पराल पनि बन्यो- उनले भने। पहिला भन्दा हार्वेस्टर लगाएको खर्च भने धेरै भएको उनले बताए। अघिल्लो बर्ष प्रतिघण्टा ५ हजार थियो तर यो बर्ष ६ हजार ५ सय लाग्यो- उनले भने।

अर्का किसान शान्तिराम निरौलाले हार्वेस्टर गाँउमा भित्रेपछि धान काट्न र थन्क्याउनका लागि समस्या नरहेको बताएका छन्। जति नै पैसा लिए पनि अरु विकल्प पनि त छैन- उनले भने। खेतका गह्रा ठूला एवम् चक्लाबन्दी गरेको अवस्थामा कम समयमा नै धेरै धान काटिन सक्ने भएपनि खेतका गह्राहरु सानो हुँदा केही बढी समय लाग्ने गरेको उनले बताए।

गौरादह नगरपालिका वडा नं. १का वडाध्यक्ष एवम् प्रवक्ता नगेन्द्र भण्डारीका अनुसार वडा नं. १मा मात्र पनि केही दिनयता तीनचार वटा हार्वेस्टरहरुले धमाधम धान काटिरहेको बताएका छन्। आधुनिक मेसिनरीको प्रयोग र प्रविधिमैत्री खेती प्रणाली विकास हुँदै गएको उनले बताए।

हामीले प्रविधिको प्रयोगका लागि किसानहरुलाई आकर्षित गर्न चक्लाबन्दी खेतीमा जोड दिएका छौं- भण्डारीले भने। चक्लाबन्दी खेती गर्दा धान रोप्दादेखि काट्दासम्म मेसिनरी प्रयोग गर्दा लागत खर्च कम हुने जनाइएको छ। यसले उत्पादन लागत घट्दा किसानलाई फाइदा पुग्छ- उनले भने।

किसानहरुले कम्पाइन होर्वेस्टर तथा यस प्रकारका कृषिजन्य मेसिनरी औजार प्रयोग गर्दा लाग्ने शुल्क तोक्दा झनै राम्रो हुने पनि बताएका छन्। व्यवसायिक रुपमा ल्याइएका यस्ता मेसिनरी प्रयोग गर्दा लिइने मूल्यमा एकरुपता नभएको किसानहरुको गुनासो रहँदै आएको छ। धान उठाउँदा हुने क्षति शून्यमा झर्ने र उत्पादन लागत तथा समय बचत कम्पाईन हार्वेस्टरको प्रयोगबाट खेतमा धान काट्दा बाला झर्ने, उठाउँदा पनि धान झर्ने समस्या पनि नहुने भएकाले उत्पादनमा हानी नोक्सानी नहुने जनाइन्छ। परम्परागत रुपमा धान काट्नेदेखि थन्क्याउने अवधिसम्ममा निक्कै किसानले क्षति व्यहोर्नुपर्ने अवस्था रहेको थियो। अब किसानहरुको समय पनि बचत हुने बताइन्छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कार्यान्वयन ईकाइ झापाका प्रमुख एवम् बरिष्ठ कृषि विकास अधिकृतका अनुसार यो मेसिन किसानका लागि निक्कै फाइदा

(बाँकी अन्तिम पृष्ठमा)

चिया मजदुर नेताहरू भन्छन्

# कामविहीनलाई राहत र काममा जानेलाई खोप देऊ

**बिर्तामोड, जेठ २३।** चिया मजदुरहरुको समस्या समाधानमा सरोकारवालाहरु गम्भीर बन्नुपर्नेमा सम्वद्ध मजदुर नेताहरुले जोड दिएका छन्।

कोरोना महामारीका बेला धेरै मजदुर कामविहीन भएको, काममा भएकाहरु पनि जीवन जोखिममा राखेर त्रासकाबीच काम गरिरहेको भन्दै मजदुर नेताहरुले सरोकारवालाहरुको ध्यानाकर्षण गराएका छन्। सम्वाद समूह झापाको संयोजनमा आइतवार भएको भर्चुअल छलफलमा मजदुर नेताहरुले सरकार चिया मजदुरको पक्षमा उभिन नसकेको भन्दै गुनासो गरे।

चिया बगान र उद्योगमा न्यूनतम् स्वास्थ्य सुरक्षा मापदण्डको पालना हुन नसकेको भन्दै उनीहरुले त्यसका लागि व्यवस्थापन पक्षको ध्यानाकर्षण गराएका छन्। चिया बगान तथा उद्योगको तत्काल अनुगमनका लागि उनीहरुले राजनीतिक दल तथा जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरेका छन्।




मजदुर नेताहरुले अहिले कामविहीन भएका मजदुरहरुलाई तत्काल राहतको व्यवस्था गर्न र जोखिमपूर्ण अवस्थामा काम गरिरहेका मजदुरलाई तत्काल कोरोनाविरुद्धको खोपको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्। कोरोनाका कारण अहिले टोकला, मित्तल र गुप्ता चिया बगानका ११५० बढी मजदुर कामविहीन भएको बताइएको छ। उनीहरुका लागि तत्काल राहतको व्यवस्था गर्न माग गरिएको छ।

त्यस्तै कोरोना संक्रमित मजदुरको निःशुल्क उपचार तथा संक्रमित भई मृत्यु भएका मजदुर परिवारलाई उचित राहतको व्यवस्था गर्न पनि आग्रह गरिएको छ। मजदुर नेताहरुले चिया क्षेत्रमा सामाजिक सुरक्षा ऐन कार्यान्वयनमा जोड दिएका छन्। योगदानमा आधारित सामाजिक सुरक्षामा सबै चिया श्रमिकलाई सूचीकृत गरिए मजदुरका अधिकांश समस्या समाधान हुने उनीहरुको भनाइ छ। उनीहरुले श्रम ऐन २०७४ कार्यान्वयनको समेत समस्या देखिएको बताएका छन्।

सरोकारवालाबीच सहमति भए बमोजिम श्रमिकको वृद्धि भएको ज्याला तत्काल कार्यान्वयन गर्न मजदुर नेताहरुले आग्रह गरेका छन्। नेपाल चिया उत्पादक संघ सम्वद्ध उद्योगहरुले सहमति कार्यान्वयन गरे पनि अन्य उद्योगले आनाकानी गरेकाले सबै उद्योगलाई उक्त सहमति कार्यान्वयन गर्न आग्रह गरिएको छ। श्रमिक र उत्पादकहरुबीच सहमति भएका विषयहरुलाई राजपत्रमा प्रकाशित गरी ऐन बनाउन मजदुर नेताहरुले सुझाव दिएका छन्।

आफ्ना अल्पकालीन र दीर्घकालीन मागहरु समाधान नभए संघर्षमा उत्रने उनीहरुले बताएका छन्। छलफलमा अखिल नेपाल ट्रेड युनियन महासंघ प्रदेश नं. १का अध्यक्ष भूपाल सापकोटा, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का प्रदेश नं. १ उपाध्यक्ष सन्त राई, नेपाल ट्रेड युनियन कांग्रेसकी केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, ट्रेड युनियन महासंघ नेपाल (टुकोन) का प्रदेश नं. १ अध्यक्ष हर्क थुङ्गिमले सरकारले मजदुरको हितमा काम गर्न नसकेको भन्दै तत्काल आफ्ना समस्या सम्बोधनका लागि आग्रह गरेका छन्।

नेपाल चिया बगान श्रमिक संघका अध्यक्ष दीपक तामाङ, अखिल नेपाल चिया मजदुर संघकी अध्यक्ष सीता सापकोटा, चिया श्रमिक संगठनका अध्यक्ष कर्ण खातीले चिया मजदुरका समस्या तत्काल सम्बोधन नगरे संघर्षमा उत्रने बताएका छन्। छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए।

## माई नगरपालिकालाई ईसीजी प्रदान



**इलाम, जेठ २३।** इलामेलीको पीडामा मल्हम पट्टी अभियान अन्तर्गत आइतवार माई नगरपालिकालाई एक थान इसीजी मेसिन हस्तान्तरण गरिएको छ।

बिश्वभर रहेका प्रवासी नेपालीले पठाएको करिव

(बाँकी अन्तिम पृष्ठमा)

# प्रदेश १का ७० हजारलाई खोप लगाइँदै

**झापा, जेठ २३।** प्रदेश १ अन्तर्गत १४ जिल्लाका ७० हजार नागरिकलाई कोभिड १९विरुद्धको भेरोसेल खोप लगाइने भएको छ।

जेठ २५ गतेदेखि १४ वटै जिल्लामा खोप लगाइने भएको हो। ६० देखि ६४ वर्ष उमेर समूहका व्यक्तिहरुलाई कोभिड-१९ विरुद्धको खोप लगाउने गरी १४ वटै जिल्लामा खोप पठाउने काम भइरहेको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगरका प्रमुख शम्भु साहले जानकारी दिए।

उनका अनुसार सोमवारसम्म प्रदेश १का सबै जिल्लामा खोप पुगिसक्ने छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश १मा दुबै मात्राका लागि १ लाख ४० हजार ५०५ डोज खोप पठाएको छ। प्रदेश स्वास्थ्य आपूर्तिमा आएको खोपलाई जिल्ला-जिल्लामा पठाउने काम भइरहेको उनले बताए।



साहका अनुसार ताप्लेजुङमा ३,७०३, संखुवासभामा ४४००, सोलुखुम्वुमा २८८५, ओखलढुंगामा ४२९१, खोटाङमा ४८४८, भोजपुर ४३४७, धनकुटामा ४८५३, तेह्रथुममा २८४६, पाँचथरमा ५५८१, इलाममा ८८६२, झापामा २६४१९, मोरङमा ३११८५, सुनसरीमा २६१३२, उदयपुरमा १०१५१ डोज खोप पठाउने काम भइरहेको छ। साहका अनुसार दुबै डोजका लागि खोप पठाइएको छ।

कोभिड-१९ विरुद्धको भेरोसेल खोप सरकारले निर्धारण गरेको मापदण्ड अनुसारका व्यक्तिहरुलाई मात्र लगाउन सामाजिक विकासमन्त्री उषाकला राईले निर्देशन दिएकी छन्। उनले सबै नागरिकलाई चाँडो भन्दा चाँडो कोभिड-१९ विरुद्धको खोप लगाउन सरकार लागीपरेको बताइन्।

विश्व स्वास्थ्य संगठनले भेरोसेल १८ वर्षमाथि जुनसुकै उमेर समूहले लगाउन मिल्ने भनेपछि पहिलो चरणमा प्राप्त खोप ६०-६४ वर्ष उमेर समूहका व्यक्तिहरुलाई मात्र लगाउन सरकारले मापदण्ड

(बाँकी अन्तिम पृष्ठमा)

## स्वास्थ्यकर्मीको सुरक्षा सम्बन्धी अध्यादेश जारी

**झापा, जेठ २३।** राष्ट्रपति विद्यादेवी भण्डारीले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ आइतवार जारी गरेकी छन्।

राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा उक्त अध्यादेश जारी गरेको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेद्वारा प्रेषित विज्ञप्तिमा जनाइएको छ। पछिल्लो समयमा कोरोना संक्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीमाथि पनि आक्रमण भएका घटना सार्वजनिक भएपछि कारबाहीका लागि सरकारले कानून बनाएको हो।

# सेवानिवृत्त हुँदै डाक्टर ठाकुर

**मेचीनगर, जेठ २३।** मेची प्रादेशिक अस्पताल भद्रपुरका मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर पिताम्बर ठाकुर आगामी २६ जेठदेखि सेवानिवृत्त हुँदैछन्।



२०६० साल जेठ महिनामा कन्सलटेन्ट फिजिसियनका रुपमा जिम्मेवारी समाल्न आइपुगेका डाक्टर ठाकुर वरिष्ठ कन्सलटेन्ट फिजिसियन पार गर्दै प्रमुख कन्सलटेन्ट फिजिसियनका रुपबाट २०७० साल चैत महिनादेखि तत्कालीन मेची अञ्चल अस्पताल भद्रपुरको मेडिकल सुपरिन्टेन्डेन्टको रुपमा कार्यरत थिए। ६० वर्षीय डाक्टर ठाकुर उमेरका कारण सेवानिवृत्त हुन लागेका हुन्।

७ वर्ष १ महिना २६ दिनसम्म उनले सफलतापूर्वक मेची प्रादेशिक अस्पताल भद्रपुरको मेडिकल सुपरिन्टेन्डेन्टको जिम्मेवारी पूरा गरे। तर, उनले १८ बर्षसम्म यस अस्पतालको विभिन्न जिम्मेवारीमा रहेर अनवरत् सेवा दिइरहेका थिए। झापामा जेनेरल फिजिसियनको सेवा शुरु गर्ने 'पहिलो' चिकित्सक पनि हुन्- डा. पिताम्बर ठाकुर।

२०५० सालमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जबाट एमबीबीएस अध्ययनपश्चात उनी मोरङको मंगलबारे प्राथमिक स्वास्थ्य केन्द्रमा आफ्नो जिम्मेवारी सम्हाल्न आएका थिए। त्यहाँ बस्दा पनि उनले निक्कै बिरामीको उपचार गरे। नहाँसी नबोल्ने, आफ्नोमा उपचारका लागि आउने हरेक विरामीसँग निक्कै मिठो बोल्नेलगायतका उनको व्यक्तिगत स्वभावका कारण धेरै विरामीहरु उनीसँग उपचारका लागि पुग्ने गर्छन्।

मोरङको मंगलबारे प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत रहेकै बखत स्नातकोत्तर तह अध्ययन गरिसकेपछि डा. ठाकुर मेची अस्पताल आएका हुन्। मोरङको मंगलबारे प्राथमिक स्वास्थ्य केन्द्रबाट भद्रपुर आउने क्रममा मंगलबारेवासीले निक्कै दुःख व्यक्त गरेका थिए। अहिले पनि त्यसक्षेत्रबाट डाक्टर ठाकुरसँग उपचार गराउनकै लागि मेची प्रादेशिक अस्पताल भद्रपुर र निजी क्लिनिकसम्म विरामी आउने गरेका छन्। उहिले र अहिलेको

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

मोबाइल ! मोबाइल !! मोबाइल !!!

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**
साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१**

# सरियाले दिए मेची अस्पताललाई १० थान अक्सिजन सिलिण्डर



**झापा, जेठ २३।** मेची अञ्चल अस्पताल भद्रपुरलाई १० थान अक्सिजन सिलिन्डर निःशुल्क उपलब्ध भएको छ।

भद्रपुर नगरपालिका-६ हाल काठमाडौं निवासी समाजसेवी कैलाश सरियाले मेची अस्पताललाई १० थान अक्सिजन सिलिन्डर प्रदान गरेका हुन्। आइतबार एक संक्षिप्त कार्यक्रमको आयोजना गरी उनकी आमा भिकीदेवी सरिया र भाइ हुलासचन्द्र सरिया अस्पतालमा पुगेर सो अक्सिजन सिलिन्डर अस्पताललाई हस्तान्तरण गरेका थिए।

भद्रपुर नगरपालिकाकी उपमेयर चन्द्रामाया श्रेष्ठको उपस्थितिमा अस्पतालका मेसु डा. पीताम्बर ठाकुरलाई अक्सिजन सिलिन्डर हस्तान्तरण गरेका थिए। दोस्रो लहरको कोरोना भाइरसको संक्रमण कारण झापा जिल्लामा संक्रमित बिरामीको संख्या बढ्दो र अस्पतालमा आवश्यकता भन्दा कम अक्सिजन सिलिन्डर भएकोले समाजसेवी सरियाले काठमाडौंबाट १० थान सिलिन्डर पठाएको स्थानीय सुबोध कोठारीले जानकारी दिए।

पहिलो लहरमा पनि कैलाश सरियाले भद्रपुर नगरपालिका, सुरक्षाकर्मी, पत्रकार, कैदीबन्दीलाई निःशुल्क मास्क वितरण गरेका थिए। मेचीको कोभिड उपचार केन्द्रमा हाल ७५ जना सङ्क्रमितको उपचाररत् रहेका छन्।

# युएईका साहित्यकारद्वारा १० लाखको अक्षयकोष स्थापना

**रामप्रसाद ढुंगेल**

**युएई, जेठ २३।** वैदेशिक रोजगारीको लागि युएईमा रहेर साहित्य साधनालाई निरन्तरता दिएका नेपाली साहित्यकारहरु मिलेर १० लाख नेपाली रुपैयाँको अक्षयकोष स्थापना गर्ने भएका छन्।

युएईको नेपाली साहित्यिक गतिविधिमा अगाडि बढिरहेको साहित्यिक संस्था 'सगरमाथा साहित्य प्रतिष्ठान' ले अक्षयकोष स्थापना गर्ने निर्णय गरेको प्रतिष्ठानका महासचिव डीजी शर्माले बताएका छन्।

प्रतिष्ठानको केन्द्रीय समितिको बैठकले आगामी दुई वर्षभित्र लक्ष्य पूरा गर्ने गरी १० लाख रुपैयाँ बराबरको कोष स्थापना गर्ने निर्णय गरेको हो। कोष स्थापना भएपछि साहित्य, कला तथा संगीत क्षेत्रमा आवद्ध कुनै संस्था वा व्यक्तिलाई योगदानको आधारमा सम्मानसहित पुरस्कार दिने लक्ष्य राखिएको छ।

पुरस्कार तथा पुरस्कारको राशि रकमबारे पछि गठन हुने पुरस्कार वितरण सम्बन्धि मापदण्डमा विस्तृत रुपमा उल्लेख गरिने जनाइएको छ। प्रतिष्ठानको स्थापना दिवसको अवसर पारेर हरेक वर्ष प्रदान गरिने सो पुरस्कारको नाम 'सगरमाथा वर्ष पुरस्कार' तय भएको छ। युएईमा सक्रिय रहेको यो प्रतिष्ठानले अक्षयकोषका लागि संस्थाका केन्द्रीय सदस्य तथा पदाधिकारी र अन्य व्यक्ति, संघसंस्थाबाट रकम संकलन गरिने जनाएको छ।

अहिलेसम्म अक्षयकोषको रकम संकलन, व्यवस्थापन र सञ्चालनको लागि तत्कालको लागि संस्थाका केन्द्रीय सचिव डीएल घिमिरेको संयोजकत्वमा केन्द्रीय सह-सचिव सुजन सिरेङ चोङ्बाङ लिम्बू र केन्द्रीय सदस्य रवीन दर्लामी मगर सदस्य रहेको तीन सदस्यीय अक्षयकोष व्यवस्थापन समिति बनाइएको छ।

सगरमाथा साहित्य प्रतिष्ठान नेपालले स्थापना गर्न लागेको अक्षयकोषको लागि अहिलेसम्म केही पदाधिकारी तथा साहित्यप्रेमीहरुले कोषमा स्वतस्फूर्त रकम जम्मा गर्ने घोषणा गरेका छन्।

प्रतिष्ठानका संरक्षक समर चेम्जोङ आभाषले यो कोषको लागि ५० हजार, अध्यक्ष जीवित खड्का मगरले ५१ हजार, प्रवक्ता राजेशराज गड्तौलाले २५ हजार, सुचारु बिभाग प्रमुख अजित क्षेत्रीले २० हजार, महासचिव डीजी शर्माले ५० हजार नेपाली रुपैयाँ जम्मा गर्ने घोषणा गरेका छन्।

यसैगरी केन्द्रीय सदस्य जीरन थुलुङ, सचिव डीएल घिमिरे, सहसचिव सुजन सिरेङ चोङ्बाङ लिम्बू, सदस्य कृष्णप्रसाद घिमिरे, सल्लाहकार दीपराज न्योङ्हाङले जनही २०/२० हजार रुपैयाँ जम्मा गर्ने प्रतिबद्धता गरेका छन्।

यसैगरी संस्थाका संस्थापक अध्यक्ष तथा संरक्षक विवेक दुलाल क्षेत्रीले ५० हजार १ सय ५० रुपैयाँ जम्मा गर्ने घोषणा गरेका छन्। यसका अतिरिक्त केन्द्रीय सदस्यहरु रवीन दर्लामी मगर, सदस्य अमृता वान्तवा, युवराज खतिवडा, उपाध्यक्ष सरु शितल राईले पनि जनही २०/२० हजार रुपैयाँ र काठमाडौंबाट शुभद्रा नेपालीबाट १० हजार गरी अहिलेसम्म १६ जना मनकारी दाता तथा अभियन्ताहरुबाट करिब ४ लाख ३६ हजार रुपैयाँ बराबरको रकम घोषणा भएकोले बाँकी रकम पनि निर्धारण गरिएको समयसीमा भित्रमा संकलन गरिसक्ने लक्ष्य लिइएको छ।

प्रवासबाट नेपाली साहित्यको उत्थानको लागि गरिएको यो अनुकरणीय प्रयत्नलाई सफल बनाउन अध्यक्ष जिवित खडका मगरले सबै मनकारी दाताहरुलाई अनुरोध गरेका छन्।

# पेट्रोलियम व्यवसायीद्वारा खोप व्यवस्था गर्न माग

**झापा, जेठ २३।** नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशनले पेट्रोलियम व्यवसायी र कर्मचारीलाई कोभिड-१९ विरुद्धको खोपको व्यवस्थापन गरिदिन सरकारसँग आग्रह गरेको छ।

संघले आइतबार एक विज्ञप्ति जारी गर्दै अत्यावश्यक सेवालाई सञ्चालन गर्न अग्रपङ्क्तिमा रही कार्य गर्ने पेट्रोलियम व्यवसायीहरुले खोप नपाएको भन्दै उपलब्ध गराउन आग्रह गरेको हो।

सङ्घका महासचिव विश्वप्रसाद अर्यालले जारी गरेको प्रेस विज्ञप्तिमा तीनपटक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगममा लिखित रुपमा माग गर्दा समेत सुनुवाइ नभएको जनाइएको छ। उनले भने- 'अत्यावश्यक वस्तुभित्र समावेश गरिएको पेट्रोलियम पदार्थको ढुवानी गर्नेलाई तत्काल खोप उपलब्ध गराउन आवश्यक छ।

एशोसिएशनका अनुसार संस्थामा आवद्ध कोभिड महामारीकै कारण हालसम्म देशभर ११ जनाले ज्यान गुमाइसकेका छन् भने एक हजार २०० जना सङ्क्रमित भइसकेका छन्। संघले प्रदेश नम्बर १ मा रहेका २४१ पेट्रोल पम्पका सञ्चालक, कर्मचारी, ट्यांकरका चालक/ सहचालक गरी एक हजार ७६३ जना, प्रदेश नम्बर २ का २७८ पम्पका एक हजार ९१३ जना, बागमती प्रदेशका ३८२ वटा पम्पका दुई हजार ९९८ जनालाई खोप उपलब्ध गराउन आग्रह गरेको छ।

यसैगरी, गण्डकी प्रदेशका ६८ पम्पका ४४०, लुम्बिनी प्रदेशका ४०२ पम्पका दुई हजार ६३४ जना र सुदूरपश्चिम प्रदेशका ८१ पम्पका ५९८ गरी १० हजार ३४३ जनालाई तत्काल कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराइदिन माग गरेको छ।

## प्रदेश १का ...

बनाएकाले सोही अनुसार गर्न भनिएको उनले बताइन्। यो खोप सरकारले ६० वर्षदेखि ६४ वर्षसम्मको लागि लगाउने मापदण्ड तय गरेको छ।

## कम्पाइन ...

जनक रहेको छ। आफूहरुले परियोजना अन्तर्गत किसान समूहहरुलाई ५ वटा कम्पाइन हार्वेस्टर प्रदान गरेको उनले बताए। उनका अनुसार झापाका लागि यो कृषि क्षेत्रमा क्रान्ति भएको पनि दावी गरे।

## माई ...

१८ लाख रुपैयाँबाट इलाम उद्योग वाणिज्य, नेपाल रेडक्रस सोसाइटी इलाम, नेपाल पत्रकार महासंघ इलाम, सामाजिक व्यक्तित्व निरोज खड्गी, रतन अग्रवाल लगायतको टिमले सहयोग प्रदान गरेको हो।

स्थानीय सहयोग कार्यक्रम अन्तर्गत शुक्रबार एक कार्यक्रमकाबीच माई नगर अस्पताललाई एक थान इसीजी मेसिन प्रदान गरिएको हो। करिव एकलाख मूल्य बराबरको इसीजी मेसिन रेडक्रस दानाबारीका पूर्व सभापति कृष्ण खाकीले मेयर दीपककुमार थेवेलाई हस्तान्तरण गरेका हुन्। हस्तान्तरण कार्यक्रममा उपमेयर बिष्णुमाया आचार्य, प्रमुख प्रशासकीय अधिकृत बिष्णुकुमार थेगुवा, स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेल, दानाबारी रेडक्रस सभापति मित्रप्रसाद गौतम लगायतको सहभागिता रहेको थियो ।

मल्हमपट्टि कार्यक्रम अन्तर्गत शुक्रबार मास्क, सेनिटाइजर, थर्मल गन, अक्सिमिटर लगायतका सामग्री प्रदान गरेको जनाइएको छ। अभियान अन्तर्गत जिल्लाका ९ स्थानीय तहका स्वास्थ्य कार्यालयलाई १ लाख ४० हजारका दरले तथा जिल्ला अस्पताल इलामलाई ६ लाख मूल्य बराबरको सामग्री सहयोग गरिएको मल्हमपट्टी अभियानका अभियन्ता निरोज खड्गीले जानकारी दिए ।

# युवा परिषद् झापाद्वारा सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्री प्रदान

**झापा, जेठ २३ ।** कोरोना संक्रमणको महामारीका बीच फ्रन्टलाइनमा खटिने सुरक्षाकर्मीलाई राष्ट्रिय युवा परिषद् झापाले स्वास्थ्य सामग्री वितरण गरेको छ।

परिषद्ले इलाका प्रहरी कार्यालय झिलझिलेमा कार्यरत सुरक्षाकर्मीहरूलाई स्वास्थ्य सामग्री वितरण गरेको हो। शिवसताक्षी नगरपालिकाका मेयर चन्द्रकुमार सेर्मा तथा परिषद्का अध्यक्ष मदन बुढाथोकीले इलाका प्रहरी कार्यालयका प्रमुख ध्रुवबहादुर श्रेष्ठलाई संयुक्त रुपमा स्वास्थ्य सामग्री वितरण गरेका हुन्।




विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९को महामारीमा अग्रभागमा रहेर आफ्नो निष्ठा र कर्तव्य पालना गर्ने प्रहरीहरुको जीवनरक्षाका लागि सानो भए पनि सहयोग गरिएको कार्यक्रममा परिषद्का अध्यक्ष बुढाथोकीले बताए। यस अघि पनि परिषद्ले बिभिन्न सामाजिक कार्य गर्दै आएको स्मरण गर्दै कार्यक्रममा अध्यक्ष बुढाथोकीले सामाजिक उत्तरदायित्व तथा मानवीय नाताले संकटको यस घडीमा सबैसँग हातेमालो गर्दै अगाडि बढ्ने बचनबद्धता समेत प्रकट गरे।

कार्यक्रममा नेपाल शैक्षिक परामर्श संघ इक्यान झापाको आर्थिक सहयोग समेत रहेको बुढाथोकीले जानकारी दिए। वितरण गरिएका स्वास्थ्य सामग्रीमा मास्क, सेनिटाइजर, भिटामिन, औषधि लगायत छन्। युवा परिषद् शिवसताक्षी नगर कमिटीकी कार्यकारी उपाध्यक्ष निशा लिम्बूले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा नगर प्रमुख सेर्मा, इलाकाका प्रहरी प्रमुख श्रेष्ठले परिषद्ले गरेको सहयोगप्रति धन्यवाद प्रकट गर्दै परिषद्को प्रशंसा गरेका थिए।

कार्यक्रममा युवा परिषद् झापाका निर्वतमान अध्यक्ष छवि चुडाल, नगरपालिका वोर्ड सदस्य जीतेन्द्र साह, मदन भण्डारी स्पोर्ट्स एकेडेमी शिवसताक्षी नगरका सचिव सागर राई, नगर खेलकुद समितिका अध्यक्ष फुर्वा लामा, सामाजिक अभियन्ताहरु शौरभ न्यौपाने, मदन ओली, नारायण दाहाल लगायतको उपस्थिति रहेको थियो।

साथै परिषद् नगर कार्यकारी उपाध्यक्ष लिम्बूले परिषद्लाई सहयोग गर्ने हाम्रो अभियान, शुरुवाती कोठा, इक्यान झापा तथा कोभिड रेस्पोन्स टिमसहित अन्य सामाजिक कार्यमा रातदिन खटिएर मानव सेवामा समर्पित सामाजिक अभियानको टिमलाई धन्यवाद दिएकी थिइन्।

## सेवानिबृत्त ...

भद्रपुर अस्पतालको तुलना गर्दा उनी आफै छक्क पर्छन्। झण्डै दुईदशकसम्म उनले झापालगायत पूर्वी पहाडी जिल्लाका धेरै रोगीको उपचार गरेकै कारण धेरैजनासँग सम्बन्ध राम्रो भएकाले उनी झापामै रहेर सेवा दिने सोचमा छन्।

१८ बर्ष अघि 'इन्टरनल मेडिसिन'मा एमडी गरेर मेची अस्पतालमा सेवा दिनका लागि आउँदा निक्कै समस्या रहेको स्मरण मानसपटलमा ताजै रहेको उनी बताउँछन्। सुविधा सम्पन्न अप्रेसन थिएटर थियो, बेहोस गर्ने (एनेस्थेटिक) डाक्टर नभएका कारण जटिल त के सामान्य शल्यक्रिया समेत हुँदैन थियो। कुनै पनि विज्ञ चिकित्सक उक्त अस्पतालमा टिक्दैन थिए।

उनमा मेची अस्पतालमा आउँदा उपचार व्यवस्था कसरी चुस्त बनाउने भन्ने चुनौति थियो। त्यो बेलाको अवस्थाको स्मरण गर्दै डा. ठाकुर भन्छन्- 'म आएपछि पनि धेरै डाक्टरहरू आउनु भयो तर, दुई दिनमै छोडेर जानु भएको अवस्था पनि थियो।'

अहिले कोभिड १९का महामारकि बखत पनि उनले अस्पतालभित्र २५ शय्याको एचडीयु, अस्पताल परिसर र कनकाई नगरपालिकाभित्र गरेर दुईवटा पीसीआर मेसिन सञ्चालन, अस्पतालमा आइसीयु हेमाडाइलोसिस, अल्ट्रासाउण्ड, इसीजी, चौवीसै घण्टा प्रयोगशाला, एक्स-रे, वेहोस गर्ने डक्टरको व्यवस्थापन गरेर शल्यक्रिया, ओएसटी फार्मेसी अस्पतालभित्र अक्सिजनको व्यवस्थालगायतका थुप्रै सुधारका काम गरेर उनले लोकप्रियता कमाएका छन्।

प्रारम्भमा एउटा सानो भवनमा सामान्य 'क्लिनिक' जस्तो रुपमा रहेको उक्त अस्पतालले अहिले अस्पतालको आकार लिएको छ। पछिल्लो समयमा उनले नै मेची अस्पतालको प्रशासनिक कामको नेतृत्व गरेका थिए।

जुन बेला उनी मेची अस्पताल भद्रपुरमा जेनेरल फिजिसियनको रुपमा काम गर्न आइपुगे त्यो बेला झापाबासीले साँच्चिकै चिकित्सक कस्ता हुन्छन्, कमै देखेका थिए।

अस्पताल भने पनि त्यो बेला प्रयोगशालाको राम्रो व्यवस्था थिएन। भिडियो एक्स-रे, सामान्य शल्य चिकित्सा, इसिजी गर्ने व्यवस्था नहुँदा चिकित्सकहरू मेची अस्पतालमा बस्नै नमान्ने गरेको अवस्थामा डा. ठाकुरले अनवरत् १८ बर्ष सेवा दिए। तर, अस्पतालबाट बिदा लिए पनि उनले बाचा गरेका छन्- झापा नछाड्ने। झापा छोडेर कतै नजाने बचन दिएका छन्। यहीं बसेर मेरो क्षेत्रलाई योगदान दिन्छु, बिरामीको सेवा गर्छु- उनले भने।

उनका अनुसार अहिले मेची अस्पतालमा चिकित्सकहरू टिक्नेसम्मको वातावरण बनेको छ। २०६२/०६३ को जनआन्दोलनको बेलामा डा. ठाकुरले देखाएको सक्रियता झापाबासीले अहिले पनि बिर्सेका छैनन्। २०६३ साल बैशाख ६ गतेको गोलीकाण्ड सकिएपछि मेची अञ्चल अस्पताल खचाखच थियो। घाइतेहरुको उपचारमा अस्पतालका चिकित्सक लगायत सबै कर्मचारी लागेका थिए। तर, उनीहरुको अनुहारमा एक प्रकारको त्रास थियो। कतै अस्पतालमा पनि सेना आइपुग्ने हो कि भन्ने। उपचारमा संलग्न डा. ठाकुरका अनुसार चिकित्सकहरूलाई पनि प्रशासनबाट उत्तिकै दबाब थियो- डा. ठाकुर सम्झन्छन्- 'त्यस्तो अवस्था कहिले पनि नआओस् अबका दिनमा। त्यो मेरो सेवाका दिनहरूमा सम्झन योग्य घटनाको रुपमा लिन्छु।

महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकामा जन्मिएको भए पनि उनले झापाको भद्रपुरमै घर बनाएका छन्। त्यसैले पनि झापा नछोड्ने उनले बताए। उनले भने- 'सेवानिवृत्तपश्चात कतै अध्यापनतिर पनि लाग्नुपर्ला! मेरो क्षेत्रमा सक्रिय नै रहन्छु। सकुञ्जेल बिरामीको सेवा गर्छु।'





# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


## चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नयाँ सञ्चालक समिति र लेखा समितिको

# दोस्रोपटक निर्वाचन कार्यक्रम प्रकाशित गरिएको सूचना

चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको मिति २०७७ चैत्र २७ गते भएको छैठौं अधिवेशन तथा १२औं वार्षिक साधारणसभाद्वारा गठित निर्वाचन समितिले संस्थाको नयाँ सञ्चालक समिति र लेखा समितिको निर्वाचन कार्यक्रम दोस्रोपटक निम्नानुसार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण उपभोक्ता एवम् सरोकावालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कार्यक्रमहरुः**

१) मतदाता नामावली प्रकाशन :२०७८।०२।२३ गते दिनको ४ बजे
२) मतदाता नामावली माथी दावीविरोधः २०७८।०२।२४ गते १ बजेसम्म
३) मतदाताको अन्तिम नामावली प्रकाशन : २०७८।०२।२४ गते ४ बजेसम्म
४) उम्मेदवारी मनोनयन दर्ताः २०७८।०२।२५ गते १ बजेसम्म
५) उम्मेदवारी उपर दाविविरोधः २०७८।०२।२५ गते ४ बजेसम्म
६) उम्मेदवारीको नाम फिर्ता लिने : २०७८।०२।२६ गते १२ बजेसम्म
७) उम्मेदवारीको अन्तिम नामावली प्रकाशन : २०७८।०२।२६ गते ४ बजे
८) उम्मेदवारीहरुलाई चुनाव चिन्ह वितरणः २०७८।०२।२७ गते १ बजेसम्म
९) मतदान कार्यक्रमः २०७८।०२।२९ गते बिहान ८ बजेदेखि अपरान्ह ४ बजेसम्म
१०) मतदान स्थलः- संस्थाको कार्यालय, मेनपा, १२, धाईजन
११) निर्वाचन परिणाम घोषणा :- मतगणना कार्यसम्पन्न पश्चात

पुनश्च : विभिन्न पदहरुका लागि उम्मेदवारी मनोनयन दर्ता फाराम संस्थाको लेखा शाखामा तोकिएको शुल्क बुझाई प्राप्त गर्न सकिने छ।

**मोहनकुमार खतिवडा**
सचिव (निर्वाचन समिति)

**टंकनाथ उप्रेती**
संयोजक (निर्वाचन समिति)

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

# जिम्मेवारी नबिर्स

कामचलाउ सरकारका प्रधानमन्त्री केपी ओलीले मन्त्रिमण्डल पुनर्गठन गरेर संविधानको भावनामा बज्र प्रहार गरेको आरोप लागेको छ । एमाले कै वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपाललगायत सरकारको कार्यशैली र निर्णयविरूद्ध सङ्गठित विपक्षी गठबन्धनले प्रधानमन्त्रीले एकपछि अर्को सवैधानिक मान्यता र विधिको शासनलाई मिचेको ठहर गरेका छन् । संविधान घोषणापछि गठन भएको दुई तिहाइ नजिकको सरकारको नेतृत्व गरेका प्रधानमन्त्री ओलीले प्राप्त उपलब्धिलाई जोगाउन नसक्दा राजनीति नै अस्थिर बन्न पुगेको छ। प्रधानमन्त्री ओलीले बहुदलीय पद्धतिलाई आत्मसात गर्नुको साटो स्वेच्छाचारी र निरङ्कुश चरित्र प्रस्तुत गरेको भन्दै दलभित्रै बिकसित अन्तरविरोधलाई व्यवस्थापन गर्न नखोजेकै कारण समग्र देशलाई क्षति भएको भन्दै राजनीतिक विश्लेषकहरूले समेत चिन्ता प्रकट गर्न थालेका छन् ।

सत्ता र शक्ति भए जे पनि गर्न सकिन्छ भन्ने मानसिकताले प्रधानमन्त्रीलाई थिचेको घटनाक्रमले प्रमाणित गरेको छ । छँदाखाँदाको स्थिर र बलियो सरकार इतिहासकै कमजोर बनिन एक व्यक्तिको चरित्र जिम्मेवार रहेको विश्लेषण गर्न थालिएको छ । सर्वोच्च अदालतले असवैधानिक ठहर गरिसकेको संसद विघटनको निर्णयको मसी सुक्न नपाउँदै प्रधानमन्त्रीले फेरि त्यही गल्ती दोहोर्‍याएर देशलाई अनिश्चित यात्रामा लगेका छन् । निर्वाचन घोषणा गरेर निर्वाचन गतिविधि प्रारम्भ भइसकेको अवस्थामा उनले मधेशवादी दलको एउटा गुट पक्रेर मन्त्रिमण्डल पुनर्गठन गरेका छन् । जनता समाजवादी पार्टीभित्रको गुटलाई आफ्नोभन्दा धेरै मन्त्रालय दिएर नैतिक मूल्य मान्यता र विधिको शासनको खिल्ली उडाएका छन् । उत्तरी र दक्षिणी ध्रुव झैँ रहेका यी दुईको बीचको सत्तालिप्साको 'केमेस्ट्री' समान रहेको यो घटनाले पुष्टि गरेको हुनसक्छ । संसद विघटनविरूद्ध परेको रिटको सुनुवाइ भइरहेका बेला विवादास्पद अध्यादेश ल्याएर आफूलाई सर्वेसर्वा बनाउन प्रयास गरेका उनी कोरोना महामारीबाट आक्रान्त नागरिकप्रति वेखबर बनिएर कुर्सी मोहमा रूमल्लिनु शायद नेपालीको दुर्भाग्य होला ।

बलियो सरकारको नेतृत्व गरेका प्रधानमन्त्रीले तीन वर्षको अबधिमा कयौंपटक मन्त्रिमण्डल पुनर्गठन गरेका छन् । अहिले कामचलाउ अबस्थामा समेत वर्तमान संविधानलाई अस्वीकार गरेको मधेशवादी दलको एउटा गुटको सहारामा नैतिक मूल्यमान्यतालाई समेत त्याग्न तयार हुनु वाद,विचार र निष्ठाको स्खलन नै हो । यसले शक्ति हुनेले विधि र पद्धतिलाई अनुशरण गरिरहनु पर्दैन भन्ने सन्देश प्रवाह गरेको छ । सत्ता टिकाउन कै लागि जसपाको सानो गुटबाट दश जना मन्त्री बनाउनु र नियुक्त भएकै दिन उपप्रधानमन्त्री राजेन्द्र महतोले बिखण्डनकारी अभिव्यक्ति दिएर सरकारलाई नै विवादमा तानेका छन् । महामारीजन्य परिस्थितिले सारा देश शोकमा डुबेको समय प्रधानमन्त्रीको बेमौसमी बाजाले अनिश्चय, अन्योल र असमञ्जसको बादल बाक्लो बनाएको छ। यस्तो असहजतालाई तोडेर निश्चित, निश्चिन्त र निर्भय वातावरण तयार गर्न जिम्मेवार दल र नेतृत्वले भूमिका निर्वाह गर्नु पर्छ। अहिलेको मुख्य आवश्यकता भनेकै महामारीबाट आक्रान्त नागरिकलाई सम्भावित क्षतिबाट सुरक्षित गर्नु नै हो ।

# के नेपाललाई धेरै राष्ट्रहरु भएको राज्य बनाउन सकिन्छ ?



तीर्थराज खरेल

नवनियुक्त उपप्रधानमन्त्री राजेन्द्र महतोले नेपाललाई बहुल राष्ट्रिय राज्य (बहुराष्ट्रिय राज्य) तर्फ लैजान राष्ट्रिय मुक्ति आन्दोलन गर्ने भनेर दिएको अभिव्यक्तिप्रति मुलुकमा तीव्र आक्रोश र बहस शुरु भएको छ। उपप्रधानमन्त्री जस्तो पदमा बसेर नेपाललाई घृणा, द्वन्द्व र विभाजनतर्फ उन्मुख गर्ने बहुराष्ट्रिय राज्यको वकालत गर्नु नेपालको स्वतन्त्रता र भौगोलिक अखण्डतामाथिको प्रहार भएको धेरैको बुझाइ छ। सिद्धान्ततः बहुराष्ट्रियय राज्य मान्ने लेनिनवादी कार्यकारी प्रमुख भएको बेला उपप्रधानमन्त्रीबाट यस किसिमको अभिव्यक्ति आउनुमा कतै प्रधानमन्त्रीको पनि मिलोमतो छ कि भन्ने आशंका जन्माएको भनेर प्रधानमन्त्री केपी ओली विरुद्ध आवाज उठेको छ।

राजनीतिशास्त्रमा विशेषतः देश, राज्य र राष्ट्र शब्दको अर्थ र परिभाषालाई बुझ्न पर्छ। देश भनेको भूगोल र जनसंख्याको समग्रता हो। जस्तो नेपाल भनेको के हो ? मेचीदेखि कालीसम्म, उत्तरमा हिमालदेखि दक्षिणमा १० गजासम्म फैलिएको करिब ३ करोड जनसंख्या भएको एक राजनीतिक एकाइ नै नेपाल भन्ने देश हो। देशको सीमा युद्धको शक्ति र तत्परताले निर्धारण गर्दछ। संसारमा आज जति पनि देश छन्, ती सबैका सीमा, युद्ध, आन्दोलन, सम्झौता र स्वीकार्यताबाट तय भएका हुन्, कुनै पनि प्राकृतिक हैनन्। नेपालको अहिलेको सीमा पनि नेपाल-अंग्रेज युद्ध र सुगौली सन्धिले निर्धारण गरेको हो। यदि नेपालसँग युद्धको क्षमता र तत्परता हुने हो भने अहिलेकै सीमा मान्नु पर्दछ भन्ने छैन। कतिपयले अहिले पनि ग्रेटर नेपाल अर्थात् विशाल नेपालको कुरा गरिरहेकै छन्। जब युद्ध र सम्झौताबाट कुनै देश सृजना हुन्छ, त्यस भौगोलिक क्षेत्रफभित्रका बासिन्दाहरु स्वतः त्यसको जनसंख्या बन्छ। बहुराष्ट्रियता संघवाद वा बहुसांस्कृतिकतावादकै राजनीतिक अभिव्यक्ति हो। त्यसले एउटै देश वा राजनीतिक एकाइभित्र ऐतिहासिक परिबन्द (युद्ध, आन्दोलन र सम्झौता) का कारण समेटिन पुगेका फरकफरक तर समरुप मानव समुदायहरुको अस्तित्व, पहिचान, मान्यतालाई आत्मसात गर्दछ। अर्थात् एउटै देशभित्र धेरैवटा राष्ट्रियसमुदायहरु उत्तिकै सम्मानपूर्ण अस्तित्व, पहिचान र मान्यताको अवस्थामा हुन् सक्दछन्। उनीहरुको जाति, भाषा, धर्म, संस्कृति, इतिहास र मनोविज्ञानलाई राज्यले बराबरीको स्थान, पहिचान र मान्यता दिनुपर्दछ। सम्मान, संरक्षण र विकास गर्ने अवसर दिनुपर्दछ भन्ने मान्यता नै बहुराष्ट्रियता हो।

के नेपालमा बहुराष्ट्रको अवधारणा सम्भव छ ? सोभियत संघमा लेनिनले अवलम्बन गरेको बहुलराष्ट्रको अवधारणा अलगअलग रुपमा रहेका राष्ट्रलाई एकताको सूत्रमा बाँध्ने कडी थियो, तर नेपालमा विद्यमान मिश्रित राष्ट्रियतालाई विविधतावीच एकताको मूलमन्त्रमा आबद्ध गर्नुको सट्टा जातीय वा भाषिक राज्यको रुपमा अलगअलग राष्ट्रको रुपमा चित्रित गर्न खोजिएको देखिन्छ। यो कुरा निकै प्रत्युत्पादक हुने देखिन्छ। ऐतिहासिक रुपमा अलग रहेका राष्ट्रलाई एउटै संघमा ल्याउन आत्मनिर्णयको अधिकारसहित बहुराष्ट्र संघको रुपमा लेनिनले आफ्ना छिमेकी र धेरै पक्षमा सहकार्यमा रहेका मुलुकलाई एकतामा उनेका थिए, तर नेपालमा अवस्था त्यस्तो होइन। तत्कालिन युगोस्लाभिया र सोभियत संघ विघटनको प्रमुख कारण बहुराष्ट्रिय राज्यको अवधारणा थियो भनेर बुझ्दा बुझ्दै नेपाललाई पनि बहुराष्ट्रिय राज्यको आधारमा सञ्चालन गर्ने प्रयास गर्नु नेपालको विघटन गराउने नियोजित षड्यन्त्रको रुपमा मान्न सकिन्छ। युरोपका क्याथोलिक इसाई र प्रोटेस्टेण्ट इसाई बीचको द्वन्द्व समाधान गर्न सन् १६४८ मा गरिएको वेस्टफ्यालियाको सन्धिमा आधारित बहुराष्ट्रिय राज्यको अवधारणा युरोपमै काम नलाग्ने भइसकेको छ भने जातीय, भाषिक, क्षेत्रीय, धार्मिक विविधताका वीच पूर्ण सहिष्णुतासहित एकताको सूत्रमा रहेको नेपाली जनजीवनलाई खल्बल्याउन यो अवधारणा आएको बुझिन्छ। नेपालको भूराजनीतिक वैधानिकता वैदिककालदेखि राज्यराष्ट्रको मान्यतामा आधारित रहेर अविच्छिन्न रहिआएको छ। नेपालको मौलिक धार्मिक सम्प्रदायको चिन्तनमा आधारित उदार राष्ट्रियताको चरित्र बोकेको राज्यराष्ट्र सिद्धान्तको अवलम्बन नै उत्तम समाधान हो।

माननीय उपप्रधानमन्त्री राजेन्द्र महतोले नेपाललाई बहुल राष्ट्रिय राज्य (बहुराष्ट्रिय राज्य) तर्फ लैजान राष्ट्रिय मुक्ति आन्दोलन गर्ने अवधारणाको उद्गम विन्दु जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) को दस्तावेजलाई लिन सकिन्छ। तर वास्तवमा कमरेड गोइतले सो अवधारणा नेपालमा कम्युनिष्ट सत्ता स्थापना गर्ने घोषित लक्ष्यसहित १० वर्षे जनयुद्ध सञ्चालन गर्ने नेकपा माओवादीलाई गुरु थापेर लिएका हुन्। शुरुमा दुईचोटी सप्तरी क्षेत्र नम्बर ३ मा एमालेका तर्फबाट प्रतिनिधिसभाको उम्मेदवार बनेका गोइत माओवादीमा प्रवेश गरेका थिए। तर, माओवादीबाट पनि चिढिएर उनी अलग्गै सशस्त्र आन्दोलनमा लागेका हुन्। माओवादीले गोइतको नेतृत्वमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा गठन गरेको थियो। पछि सो मोर्चाबाट उनलाई हटाएर मातृका यादवलाई संयोजक बनाइयो र गोइतलाई जिल्ला कमिटीमा सीमित गरियो। त्यसपछि उनी जनतान्त्रिक तराई मुक्ति मोर्चा बनाएर सशस्त्र गतिविधिमा लागे। शुरुमा भूमिगत हुँदा त्यतिबेला माओवादीका थुप्रै नेता-कार्यकर्ता गोइतको निशाना बनेका थिए। माओवादीले उनीमाथि जे व्यवहार गर्यो, त्यसले गर्दा उनले बाध्य भएर बन्दुक उठाए।





पूर्वएमाले नेता गोइत विद्यार्थी कालदेखि नै वामपन्थी विचारका थिए। भारतमा कलेज पढ्दा उनी वामपन्थी नेताको सम्पर्कमा गएका थिए। वामपन्थीका विभिन्न पार्टी तथा विचार समूह हुँदै माले, त्यसपछि एमाले अनि माओवादी र माओवादी छाडेर सशस्त्र आन्दोलनमा लागेका जयकृष्ण गोइत २०६१ साउन १० गतेदेखि आजसम्म पनि भूमिगत रहेका छन्। तराई-मधेसमा सशस्त्र आन्दोलन गर्ने सबभन्दा पुरानो संगठन गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा नै हो। पछि सोही मोर्चाबाट विभिन्न समूहहरु छुट्टिए। त्यसमध्ये कतिपयले सरकारसँग वार्ता पनि गरेका छन् र मूलधारको राजनीतिमा आएका छन्। तर, गोइत आफ्नो मिसन छाडेर मूलधारको राजनीतिमा आउने पक्षमा देखिएका छैनन्।

नेपालमा मार्क्सवादलाई लागू गर्ने र त्यसलाई समृद्ध गर्ने काममा नेपाली कम्युनिष्ट नेताहरुले विदेशी नक्कल गरेकै कारण आजको अवस्था आएको हो। नेपाली नेताहरु र विशेष गरी कम्युनिष्ट आन्दोलनको नेतृत्व गर्ने नेताहरु खुट्टा अनुसारको जुत्ता बनाउने भन्दा पनि जुत्ता अनुसारको खुट्टा काट्न कोशिस गर्छन्। नेपाली हावापानी र परिवेश अनुसारको क्रान्तिको कार्यक्रम निर्माण गर्ने कुरामा नेपाली नेताको कम अध्ययन छ र यस बारेमा त्यति धेरै बहस भएको पनि छैन। नेपाली इतिहास, अर्थव्यवस्था, भूमिव्यवस्था, शिक्षा प्रणाली, कानूनीव्यवस्था आदिको यथार्थ अध्ययन गरी त्यसको आधारमा क्रान्तिका कार्यभार प्रष्ट गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमिक योजना निर्माण गर्दा सबै प्रकारका जडताबाट मुक्त हुन सजिलो हुने र छोटो अवधिमै मुलुकको मुहार फेरिने कुरालाई हाम्रा नेताहरुले बुझ्ने कहिले ? नेपालमा वास्तवमा बहुराष्ट्रको अवधारणा वैचारिक विमर्शभन्दा पनि विदेशी नक्कल र जातीवादी सोचबाट आएको हो। समयमै यो विचारसँग संघर्ष गर्न र उक्त विचारलाई पराजित गर्न सकिएन भने ठूलो क्षति हुने निश्चित छ। यो आन्दोलनको बालरोग हो। नेपालमा खुला रूपमा राजनीतिक प्रतिष्पर्धा गर्ने स्वतन्त्रता छ। लोकतान्त्रिक अवधारणाले उग्र केन्द्रीयता र अधिनायकवादी नेतृत्वको जन्म दिने आधारलाई भत्काउँछ, तर नेपालमा अहिले अधिनायकवादी सोचका नेताहरु छन्। नेपाली कांग्रेस पनि कम्युनिष्टहरुको भरिया बनेर उनीहरुकै मार्गीचत्रमा खुरुखुरु पछ्याइरहेको देखिन्छ। जनतालाई शक्तिको केन्द्र मान्नुको सट्टा सानो षड्यन्त्रकारी झुण्ड बनाएर त्यसको नेतृत्व गोप्यता, अतिकेन्द्रीकरण र तानाशाहीमा सञ्चालन गर्ने इरादामा नेताहरु रहेका देखिन्छन्। सोही रुपमा राजेन्द्र महतोको अभिव्यक्तिलाई जातिवादी र अवसरवादी भड्कावका रुपमा लिन सकिन्छ। यसका विरुद्ध निरन्तर संघर्ष चलाउनु आवश्यक हुन्छ।

नेपाल अहिले संकटबाट गुज्रिरहेको छ। विभिन्न समयमा भएका जनयुद्ध, जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलनहरूको लक्ष्य उद्देश्य पूरा गर्न नेपालका सबै पिछडिएका वर्ग, जाति, जनजाति, लिङ्ग र क्षेत्रका जनसमुदायको पूर्ण मुक्ति र समान अधिकार प्राप्त गर्न मुलुकमा दिगो र स्थायी शान्ति स्थापना गर्न सकेमा मात्र राष्ट्रियता, जनतन्त्र र जनजीवीकासँग सम्बन्धित समस्यालाई हल गर्न सकिन्छ। तर नेतृत्वमा अपरम्पार आकण्टक भ्रान्तिले वास गरेको छ। अराजकतावाद र सर्वसत्तावादको बिगविगी छ। जनताको आमजनजीवनमा न घाम छ, न उज्यालो नै। जनताको हितमा कसरी काम गर्नेमा नेताहरुमा अनेकौं भेद र मतभेद छ, तर निजी स्वार्थ र राज्यस्रोत दोहनमा एकता छ। हामी सबैभन्दा खराब प्रकारको पुंजीवादबाट गुज्रिँदै छौं र मानव जातिको समाजवादतर्फको यात्राको सपना फगत दिवास्वप्न मात्र भएको छ अहिले। तसर्थ भन्न सकिन्छ-उपप्रधानमन्त्री राजेन्द्र महतोले नेपाललाई बहुल राष्ट्रिय राज्य ( बहुराष्ट्रिय राज्य) तर्फ लैजान राष्ट्रिय मुक्ति आन्दोलन गर्ने अवधारणा जनताका मुख्य समस्याबाट ध्यान विकर्षित गर्ने अत्यन्तै अनिष्टकारी गलत सोच हो।

tirthakharel2028@gmail.com

# स्थानीय सरकारको बजेट तर्जुमा सबैको चासो अनिवार्य



उदय मैनाली

नेपालको वर्तमान संविधानको कार्यान्वयन भएसँगै एकात्मक राज्य संरचनाको स्वरुप परिवर्तन भई संघीय संरचना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा रुपान्तरित भएको छ। संविधानको भाग ५ मा राज्य संरचनाको स्वरुपको बारेमा व्यवस्था गरेको छ।

यसै बमोजिम तीन वटै सरकारका साझा तथा एकल अधिकारहरु अनुसूचीमा व्यवस्था गरिएको छ। अनुसूचीमा उल्लेख नभएका अधिकारहरु संघीय अवशिष्ट अधिकारका रुपमा संविधानको धारा ५८ मा राखिएको छ। संघ, प्रदेश र स्थानीय तहले बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था क्रमशः जेठ १५, असार १ र असार १० गतेलाई तोकिएको छ। यो बाध्यात्मक संवैधानिक व्यवस्था हो। संविधानले निर्दिष्ट गरेको बाध्यात्मक व्यवस्था र स्थानीय सरकार सञ्चालनका लागिसमेत अनिवार्य र अपरिहार्य रूपमा बजेट पेश गर्नैपर्छ। बजेट पारित नै नगरिकन स्थानीय सरकार सञ्चालन गर्नु सर्वथा त्रुटिपूर्ण र गैरजिम्मेवार हुनेछ। यस कुरामा सबै स्थानीय सरकार प्रथम दृष्टिमै सचेत हुनु अनिवार्य देखिन्छ। बजेट निर्माण गर्दा हरेक स्थानीय सरकारले निम्न विषयमा स्पष्ट भई प्रक्रिया पूरा गर्नुपर्छ।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, नीति निर्माण गर्ने, योजना तयार गर्ने तथा त्यसको कार्यन्वयन गर्ने संवैधानिक व्यवस्था संविधानको धारा ५९ मा उल्लेख गरिएको छ।

संघीय संरचनाको मूल भावना अनुरुप संविधानको धारा २३२ मा ३ स ( समन्वय, सहकार्य र सहअस्तित्व) लाई आधारका रुपमा लिएर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, विकास, शुसासन र समृद्धि प्राप्तिको आधार स्तम्भको रुपमा रहने कुरा संविधानको प्रस्तावनामा उल्लेख गरिएको छ।

संविधानको अनुसूची ८मा उल्लेखित २२ वटा एकल अधिकार सूची र अनुसूची ९मा उल्लेखित १५ वटा साझा अधिकारका सूचीको कार्यान्वयनका निमित्त स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को उपदफा १ बमोजिम उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ।

स्थानीय तहले बजेट तथा योजना तर्जुमा र कार्यान्वयन गर्दा देहायका विषयलाई ध्यान दिनुपर्छ।

१. नेपालको संविधान
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४ स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन
५. अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४
६. सार्वजनिक खरिद ऐन, २०६३
७. आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६
८. संघ तथा प्रदेशले जारी गरेका नीति, मापदण्ड तथा कानून
९. दिगो विकासका लक्ष्यहरु कानून बमोजिम बाहेक स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन वा ऋण लिन नपाउने संवैधानिक व्यवस्था रहेको छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुरुप स्थानीय तहको बजेट तथा योजना तर्जुमा गर्दा देहाय बमोजिमका प्रक्रियाहरुको व्यवस्था गरिएको छ।





१. आयव्ययको प्रक्षेपण : स्थानीय तहको आय र व्ययको विस्तृत विवरण, तथ्यांकसहित राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिसमा पुष मसान्तभित्र कार्यपालिकाबाट अनुमोदन गराई संघीय अर्थ मन्त्रालमा पेश गर्नुपर्नेछ।
२. संघ र प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण सिमा र मार्गदर्शन प्राप्ति : संघीय सरकारबाट राजश्व बाँडफाँड र वित्तिय समानिकरण अनुदान बापत स्थानीय तहलाई आगामी वर्ष उपलब्ध हुने स्रोतको विवरण फागुन मसान्त भित्र र प्रदेश सरकारले आगामी आ.व.मा प्राप्त हुने वित्तिय अनुदानको अनुमानित विवरण चैत्र मसान्त भित्र उपलब्ध गराउने।
३. विषयगत क्षेत्र छुट्याउने : प्रत्येक स्थानीय तहले आफ्नो पालिकाभित्र संचालन हुने विकास कार्यक्रमलाई विषयगत आधारमा छुट्याई कार्यपालिका सदस्यहरुलाई विषयगत क्षेत्रको जिम्मेवारी तोक्ने।
४. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण : स्थानीय राजश्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको राजश्व प्रक्षेपण गरी पेश गर्ने।
५. बजेट सिमाको वितरण : स्थानीय तहका विषयगत शाखा, महाशाखा तथा वडा समितिलाई बजेट सिमा पठाउने।
६. बस्ती तहको योजना छनौट गर्ने : वडाका जनप्रतिनिधिहरुले बस्ती, टोल, समुदायमा पुगी जनभेला गराई जनताबाट बस्तीस्तरको योजना छनौट गर्ने।
७. वडास्तरीय योजना तर्जुमा तथा प्राथमिकता निर्धारण : स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट प्राप्त बजेट सिमा र मार्गदर्शनका आधारमा सम्बन्धित वडाहरुले बस्ती र टोलबाट छनौट गरिएका योजनाहरु मध्ये वडाका लागि प्राप्त बजेट सिमाको अधिनमा रही योजना छनौट र प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।
८. विषयगत योजनाहरुको प्राथमिकीकरण : विभिन्न वडाहरुबाट प्राप्त योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिहरुमा छलफल गराई प्राथमिकीकरण गर्ने।
९. एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने : विषयगत समितिहरुबाट प्राथमिकतामा राखेका योजनाहरुलाई एकिकृत गर्ने, योजना र कार्यक्रमहरुबीच दोहोरोपना हुन नदिने तथा योजनाहरुबिच आपसी तालमेल मिलाउने र आगामी वर्षका लागि नीति तथा कार्यक्रमको प्रस्ताव गर्ने।
१०. कार्यपालिकाबाट बजेट स्वीकृत गर्ने : बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम एवम् आय र व्ययको अनुमान गाउँ वा नगरकार्यपालिकाबाट स्वीकृत गर्ने।
११. सभामा पेश गर्ने : कार्यपालिकाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु असार १० गतेभित्र कार्यपालिकामा पेश गर्ने।
१२. सभाबाट पारित गर्ने : पेश भएको बजेट तथा कार्यक्रम सभाले असार मसान्तभित्र पारित गरिसक्नुपर्ने।
१३. कार्यान्वयन गर्ने : सभाबाट पारित भएको सात दिनभित्र अध्यक्ष वा प्रमुखले कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने एवम् अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा र वडा सचिवहरुलाई योजना कार्यान्वयनको जिम्मा दिने। यसरी जिम्मेवारी प्राप्त गरेको ७ दिनभित्र सम्बन्धित शाखा, वडा सचिवहरुले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

बजेट तर्जुमा गर्दा सबै स्थानीय सरकारले आफूलाई छुट्टै स्वायत सरकार मानी आत्मनिर्भर बन्ने प्रयत्न गर्नुपर्छ। आफ्नो क्षेत्रभित्र आयात हुने वस्तु तथा सेवा र निर्यात हुने वस्तु तथा सेवा र त्यसबाट पारेको प्रभावको मूल्यांकन गर्न सक्नुपर्छ। समृद्ध स्थानीय सरकार बन्न निर्यात प्रवर्द्धनमा जोड दिनुपर्छ। आफ्नो भूपरिवेशमा के वस्तु वा सेवा उत्पादन गर्न सकिन्छ र त्यसलाई निर्यात गरेर कसरी बढीभन्दा बढी आय आर्जन गर्ने र जनताको जीवनस्तर उकास्ने भन्नेतर्फ गहिरो चिन्तन गरी बजेटमा प्राथमिकता निर्धारण गर्न सक्नुपर्छ।

यसरी बजेट निर्माण गर्दा स्थानीय तहले वर्तमान सामजिक राजनीतिक र आर्थिक अवस्थालाइ विशेष जोड दिनुपर्छ। कोभिडको प्रभावले शिक्षा, उद्योग र सहकारी क्षेत्र थिलथिलो भएको छ। यी क्षेत्रलाई टिकाउन र बिकाउन स्थानीय सरकारले अनुदान, छुट, सहुलियत, सहकार्य र व्यवस्थापन साझेदारी गर्नुपर्ने अवस्था छ। हरेक स्थानीय सरकारको परिवेश समान छैन। आफ्नो परिवेशको तथ्यगत विश्लेषण गरी स्रोतसाधनको उच्चतम् प्रयोग हुने गरी बजेट तथा कार्यक्रमले शिक्षा, उद्योग र सहकारी क्षेत्रलाई सम्बोधन गर्नुपर्छ। यस क्षेत्रले आफ्नो लयमा फर्कन सकेन भने हाम्रो सामाजिक संरचनामै गम्भीर रूपमा प्रहार गर्छ भन्ने कुरालाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिरहँदा हरेक स्थानीय सरकारले मनन नगरी हुँदैन।

प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता,कार्यदक्षता, प्रभावकारिताको आधारमा बजेटलाई नीति तथा योजनासँग तादम्यता मिलाई आर्थिक अनुशासन तथा पारदर्शिता सहित योजनाहरुको कार्यान्वयन गर्न सकेमा समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य पुरा हुने देखिन्छ।

# खोलाको बाढीको पानी निकासका लागि ढोका



**रत्नबहादुर बस्नेत**

**बिर्तामोड, जेठ २३।** झापाको बिर्तामोड-९ बद्रीबाढीस्थित अन्धुवाखोलाको पानी व्यवस्थित गर्न बाँधमा ढोका निर्माण कार्य सुरु गरिएको छ ।

यहाँस्थित सिञ्चाई नहरका लागि निर्मित पुरानो बाँधको पूर्वतर्फ पानी निकासका लागि ढोका निर्माण कार्य भइरहेको हो ।

जिल्ला सिञ्चाई योजना अन्तर्गत निर्माण भइरहेको यस योजना करिब २० लाख रुपैयाँको लागतमा सम्पन्न गरिने भुतेनी जल उपभोक्ता समितिका सचिव लक्ष्मीप्रसाद दंगालले जानकारी दिए । धेरै अगाडि खोलाको पानी बाँध बाँधेर पश्चिम किनाराबाट सैनिकतर्फ र पूर्वबाट भुतेनी-हल्दीबारीतर्फ सिञ्चाईका लागि नहर लगिएको भए पनि यसअघि पश्चिमतर्फ मात्र पानी निकासका लागि एउटा ढोकाको व्यवस्था गरिएको थियो। जसका कारण वर्षयाममा खोलामा बाढी आउँदा प्रयाप्त पानी निकास हुन नसकी बाँधको उत्तरतिरको भुभूभागमा खोलाको डील भत्काएर धानखेतीमा क्षति पुर्याउन थालेपछि किसानहरु मारमा पर्दैआएका थिए- स्थानीय मोहन उप्रेतीले भने- अब वर्षौंदेखिको यो समस्या समाधान हुन्छ ।

बर्खामा बारम्बार घरखेत डुबानमा परेपछ खोलाको सतहबाट बाँधको उचाई अग्लो भएको भन्दै स्थानीयले गुनासो गर्दै आएका थिए । यस बाँधको पूर्वतर्फको नहरबाट मात्र करिब ४ हजार ५ सय बिगाह र पश्चिमतर्फ पनि त्यति नै जमिन सिंचाई हुने अनुमान छ ।

निर्माण कार्य केही ढिला शुरु गरिँदा धानको ब्याडका लागि पानी लगाउन नपाए पनि धान रोपाइँका लागि भने समयमै पानी शुचारु हुने बताइएको छ ।

# लिची बेचेर बार्षिक २० लाख





**बिनोद पाण्डे**

**चारपाने, जेठ २३।** मानिसहरु सुख, शान्ति र समृद्धि हासिल गर्न आफ्नो गाउँ, जिल्ला र देशनै छोडेर जाने गरेका छन् । कति मानिसहरु यसैगरी जाने क्रममा होलान् ।

समृद्धि खोज्दै विश्वका कुना-कुनामा पुगेका मध्ये थोरैले मात्र सफलता प्राप्त गर्ने गरेको र धेरैजसो मानिसले कडा परिश्रम गर्नु परेको र कतिले ज्यान नै गुमाउनु परेको विद्यमान अवस्थामा झापा बिर्तामोड नगरपालिका वडा नम्बर ७का नवराज सुब्बाले भने आफ्नै आँगन, बारीबाट बार्षिक २० लाखभन्दा धेरै कमाई गरिरहेका छन् । सुब्बाको जीवन र परिवारमा सबै सुख सुविधाहरु हासिल भएको छ, आफन्त, नरनाता, छरछिमेकी, हितैसीहरुसंगै रमाउनसकेका छन् ।

आफ्नो भएको खेत जग्गा बाँझै राखेर समृद्धि आर्जन गर्न अन्त भौंतारिनेहरुलाई सुब्बाले गरेको कामले पक्कै प्रेरणा प्रदान गर्नेछ । पछिल्ला बर्षयता आफ्नै ठाउँमा रहेर राम्रो आय आर्जन गर्नेहरुले गरेको कृषि पेशा मर्यादित र लोभलाग्दो बन्न थालेको छ । त्यस्तै बिर्तामोडका सुब्बाले लगाएको लिची बगान पनि त्यसमध्ये एकमा पर्छ । विगत २४ बर्ष अघि शोखले केही क्षेत्रफलमा ३० वटा विरुवा लगाएको लिची बगान क्रमश: विस्तार गर्दै ल्याउँदा आजसम्म आइपुग्दा ३ विगाह ५ कठ्ठाको एउटा ठूलो बगानमध्येको एक बन्न सफल भएको छ । गत बर्षभन्दा यस बर्ष मौसमको कारणले सोचेजस्तो लिची फलेन तर पनि ५ सय कार्टुनभन्दा धेरै हुन्छ, गत बर्ष ७ सय काटुन बेचेको थिएँ- कृषक तथा व्यापारी सुब्बाले भने ।

अरुभन्दा पछुवा लिची भएकाले पनि सुब्बाले राम्रो मूल्य पाउने गरेका छन् । मजियापुर जातको लिची ठूलोदाना, मह जस्तै गुलियो हुने भएकाले काठमाडौंमा पुर्याउनसाथ हारालुछ भएर बिक्ने गरेको छ । लिचीको माग पूरा गर्न सक्दिनँ, बिर्तामोड लगायतका क्षेत्रबाट आउने ग्राहकले बगानको आधा जस्तै लिची किनेर लैजाने गरेका छन् । उनको लिचीको काठमाडौंमा ब्राण्ड नै बनेको छ । सुब्बा छाप नाम दिइएको लिची प्रतिकार्टुन ४ हजार सम्ममा बिक्री गर्ने गरेको सुब्बा बताउँछन् । जेठ १५देखि लिची टिप्ने काम शुरु भएको छ । यतिवेला पनि धमाधम दैनिक ५० जना कामदारबाट लिची टिप्ने काम भइरहेको उनले बताए । उनको बगानमा अरु बेला भने नियमित ५ जनाले रोजगारी पाएका छन् ।

कुनै तालिम पनि नलिइ लिची खेती शुरु गरेका सुब्बाले आफ्नै बुझाइ र भोगाइलाई सिपको रुपमा परिणत गरेका छन् । उनीसँग विभिन्न ठाउँबाट लिची बगानको बारेमा बुझ्न धेरै आउन थालेका छन् । उनी जानेको कुरा अरुलाई सिकाइ दिन्छन् । कम मेहनत गर्दैमा लाभ बढी हुने लिची खेतीका लागि मंसीर महिनाबाट १५-१५ दिनमा सिञ्चाई गर्नुपर्ने, फूलखेले पछि भिटामिन लगाए पश्चात बैशाख सम्मलाई काम पूरा हुने सुब्बा बताउँछन् । बैशाखको अन्त्यमा लिचीमा चमेरा लगायतका चराहरुबाट नष्ट हुनबाट बचाउन बगानमा रातको समयमा विजुली बत्तीबाल्ने, पुत्ला टाङ्ने, टिन ठोक्नेसम्मको काम सुब्बाले गर्ने गरेको स्थानीयहरु बताउँछन् ।

बगान रमितलाग्दो भएको छ । रातै भएर जमिन छुने गरी नुहिएको लिचीमा फोटो खिच्न र रुखैबाट टिपेर खान पाइने भएकाले आफू हरेक बर्ष यस बगानमा आउने गरेको नवराज भारतीले बताए । उनले भने यहाँ रमाई-रमाई बगान घुम्न पाइन्छ, अझ लिचीको छहारीमा शितल र चिसो हावाले केही समय भए पनि मन प्रफुल्ल पार्ने गरेको झापा बिर्तामोड-२का भारतीले बताए ।

# अर्जुनधारा जेसीजद्धारा परियार परिवारलाई सहयोग



**अर्जुनधारा, जेठ २३।** झापाको अर्जुनधारा-५ निवासी राजकुमार परियारको परिवारलाई अर्जुनधारा जेसीज शनिश्चरेले सहयोग स्वरुप ११ हजार एक सय रुपैयाँ प्रदान गरेको छ ।

जेसीजका पूर्व अध्यक्ष अजय देव, कार्यकारी उपाध्यक्ष बसन्त बुढाथोकी, उपाध्यक्ष सोना गेलाललगायतको टोली शनिबार परियारको घरमा पुगेर उक्त सहयोग रकम प्रदान गरेको हो ।

बिर्तामोडस्थित बीएण्डसी अस्पताललाई बुझाउन बाँकी रकम जुटाउन संघर्षरत् परियार परिवारलाई थोरै भए पनि राहत पुगोस् भन्ने उद्देश्यले प्रदान गरिएको उक्त रकम जेसीजका पदाधिकारीहरुबाट संकलन गरिएको पूर्व अध्यक्ष देवले बताए ।

अर्जुनधारा नगरपालिका अन्तर्गतको यान्त्रिक शाखाका कर्मचारी समेत रहेका राजकुमारकी पत्नी कौशिलाको उपचारको क्रममा गत जेठ १७ गते निधन भएको थियो । अस्पतालमा दुई लाख रुपैयाँभन्दा बढी रकम बुझाउन बाँकी रहेको परियार परिवारको लागि आवश्यक सहयोग रकम जुटाउन जेसीजले सबैसँग आव्हान् गरेको छ ।

यस अघि जेसीजले कोभिड-१९ रोग नियन्त्रण गर्न परिचालन भएको शनिश्चरे प्रहरी चौकीलाई १० बण्डल मास्क र पाँच लिटर सेनिटाइजर प्रदान गरेको जेसीजका कार्यकारी उपाध्यक्ष बुढाथोकीले जानकारी दिए ।

त्यसैगरी नगरभित्रका सबै वडाबाट अति विपन्न परिवार छनौट गरी खाद्यान्न सामग्री वितरण गर्ने तयारी भइरहेको जेसीजका कोषाध्यक्ष भवानी बरालले बताए ।

# करेन्ट लागेर मृत्यु

**सुनसरी, जेठ २३।** सुनसरी गढी गाउँपालिका-२ औरावनी काली मन्दिर टोलका २६ बर्षीय बाबुलाल यादबको करेन्ट लागेर मृत्यु भएको छ ।

आफ्नो घरमा इन्भर्टरबाट लाइन जोड्ने क्रममा अचानक करेन्ट लागेर घाइते भएका उनको उपचारको लागि लाने क्रममा बाटैमा मृत्यु भएको छ ।

घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय दुहबी सुनसरीबाट प्रहरी टोली खटी गई थप अनुसन्धान भइरहेको छ ।

# कचनकवलमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा ढिलाई

**पार्थ मण्डल**

**झापा, जेठ २३।** दक्षिणी झापाको कचनकवल गाउँपालिकामा सर्प दंश उपचार केन्द्र सञ्चालनमा ढिलाइ हुँदा स्थानीयले अकालमै ज्यान गुमाउनु परिरहेको छ ।

उपचार केन्द्रको अभावले एक साताभित्रै गाउँपालिकामा विषालु सर्पको डसाइबाट दुई जनाको ज्यान गएको छ । साबिक बालुवाडी गाविस हाल कचनकवल-७स्थित खेरिबारी निवासी ४३ बर्षीया रामकुमारी कुँवरको विषालु सर्पको डसाइबाट शनिवार बिहान मृत्यु भएको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

शनिवार बिहान ८ बजेर २५ मिनेटमा घरभित्रै सरसफाइको काम गर्दै आएकी कुँवरलाई मुसाले बनाएको दुलोभित्र बसेका विषालु सर्पले खुट्टामा डसेका थिए । सर्पले खुट्टामा डसेपछि परिवारजनले उनको खुट्टालाई टियुवले बाँधेका थिए । खुट्टा ट्युवले बाँधेकोमा केही स्थानीयले आपत्ति जनाउँदै तत्काल खोल्न लगाएका थिए । त्यसपछि परिवारजनले कुँवरलाई उपचारका लागि मोटरसाइकलमा हालेर चारआलीस्थित सर्प दंश उपचार केन्द्रले लगे । उपचार केन्द्रमा पुग्दा ९ बजेर १० मिनेट भएको थियो । त्यस अवधिमा कुँवरको शरीरभरि विष फैलिसकेको थियो । उपचार केन्द्रमा आइसीयु नहुँदा थप उपचारका लागि बिर्तामोडस्थित वीएण्डसी अस्पताल लैजाने क्रममा बाटैमा उनको मृत्यु भएको थियो । पाँच दिनअघि (जेठ १८ गते) परिवारजनले उपचारका लागि ढिलासुस्ती गराउँदा कचनकवल गाउँपालिका-४स्थित फर्कागाछी निवासी ५९ वर्षीय चवनलाल गणेशको गोमन सर्पको डसाइबाट मृत्यु भएको थियो । नजिकैको खेतबारीमा गाईबस्तु चराउन गएका गणेशलाई परालको कुनिउँमा बसेका सर्पले डसेका थिए । उनलाई उपचारका लागि सर्पदंश उपचार केन्द्र नलगेकी शरुमा धामी झाँकी कहाँ लगेका थिए । त्यहाँ उपचार सम्भव नभएपछि मात्र सर्पदंश उपचार केन्द्र लैजाँदा उनको मृत्यु भएको थियो । गाउँपालिकाभित्रै सर्पदंश उपचार केन्द्र नहुँदा हरेक वर्ष सर्पको डसाइबाट स्थानीय ज्यान गुमाउँदै आएको छ ।

**विभागबाट स्वीकृत नआउादा सर्प दंश उपचार केन्द्र सञ्चालनमा ढिलाइ**

सर्प दंशका बिरामीको उपचारको लागि गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र बनियानीमा आवश्यक जनशक्ति र भौतिक व्यवस्थापनको कार्य पूरा गरिसकेको छ । तर, स्वास्थ्य विभागको सञ्चालन अनुमति र व्यवस्थापन स्वीकृति नआइसकेकाले तत्काल उपचार सेवा शुरु गर्न नसकिएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । यस क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देनको पहलमा गाउँपालिका अध्यक्ष अञ्जार आलमले सर्पदंश उपचार केन्द्र स्थापनाको तयारी जुटेका छन् ।

प्रतिनिधि सदस्य लिङ्देनले संसद् कोष र अध्यक्ष आलमले गाउँपालिकाबाट उपचार केन्द्रका लागि अनुमानित २० लाख बजेट विनियोजन गरेका छन् । सोही बजेटबाट पहिलो चरणमा आवश्यक जनशक्ति र भौतिक व्यवस्थापन कार्य पूरा गरेको स्वास्थ्य शाखा प्रमुख यादवको भनाई छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामा पुस २७ गते नै सर्प दंश उपचार केन्द्रको स्वीकृतिका लागि गाउँपालिकाले पत्र पठाइसकेको छ । त्यहाँबाट स्वीकृत नआउँदा उपचार केन्द्र शुरु गर्न ढिलाइ भइरहेको उनको भनाइ छ । त्यस्तै प्राथमिक स्वास्थ्य केन्द्र बनियानी सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रवि ओझाका अनुसार उपचार केन्द्रका लागि गाउँपालिकाले सबै तयारी पूरा गरिसकेको बताए ।

गत वैशाख ११ गते इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाबाट आएको चिकित्सकको टोलीले उपचार केन्द्रको स्थलगत अनुगमन गरिसकेको बताउँदै उनले भने- 'महाशाखाका डा. महेन्द्र गिरीलाई कोरोना संक्रमण पुष्टि भएकोले स्वीकृति हुन केही ढिलाइ भएको हो ।' डा. गिरी सङ्कमणमुक्त भए लगतै फाइल स्वीकृत गरी पठाइदिने र त्यसपछि उपचार केन्द्र सञ्चालन ल्याउने उनको भनाइ छ ।


## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ का तारा कार्की कि.नं. ४७३० को ज.वि. ०-०-८ क्षेत्रफल जग्गामा निर्माण भएको आर सीसी को को स्थलगत सजमीन गर्न जाँदा तपाईं निम्नानुसारको सँधीयार अनुपस्थित भएकोले निवेदनको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**निम्न**

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री रवीना गौतम | २०७८।०१।१५ | २०७७।१२।२३ | |
| पश्चिम | श्री सविनद श्रेष्ठ | | | |
| उत्तर | श्री बाटो | | | |
| दक्षिण | श्री जसमाया राजवंशी<br>खेम गौतम | | | |

## पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।

सम्पर्क : ९८१४९६३४८८

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.

सम्पर्क कार्यालय बिर्तामोड

सिटी सेन्टर पूर्व, देवी कलेज रोड

फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क

राजुकुमार श्रेष्ठ

९८५२६४६००५

९८०६०१०४१०

९८४२६३४६२७

०२३-५४६००५




दमक सम्पर्कः

देवी सिटौला

९८२४९७९१८५

९८४२७६०२६५

९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** हल्लाको पछि लाग्दा दु:ख पाइनेछ । शत्रुभाव राख्नेहरूबाट सजग रहनुपर्ला । लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । यात्राको अवसर आउला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ र लेखन कलामा निखारता आउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनका लागि यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मान मर्यादामा वृद्धि होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापारमा सामान्य र पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** कृषि तथा पशुधनले मनग्गे फाइदा दिलाउनेछ । रोकिएका काममा भने दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बगैंचा, फूलबारी र घरको साजसज्जामा समय बित्नेछ । टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् । दोहोऱ्याएर प्रयत्न गर्दा लक्ष्यमा पुगिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचे जस्तो सहज नरहला । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बलभन्दा बुद्धिको उपयोगले काम बन्नेछ । अप्ठ्यारो पर्दा मान्यजन तथा अग्रजहरूले साथ दिनेछन् । आफन्तबाट सहयोग मिल्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । लाभांश खर्च भए पनि व्यापार बढ्नेछ ।